नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचय पत्र तथा
पञ्जिकरण विभाग

Department of National ID and Civil Registration

पञ्जिकरण शाखा (सेवा ईकाइ)
बर्दघाट नगरपालिका

वार्षिक प्रगति प्रतिवेदन
०७८/०७९

सामाजिक सुरक्षा भत्ता नविकरण तथा अध्यावधिक

आर्थिक वर्ष ०७८/०७९ का लागि सामाजिक सुरक्षा भत्ता नविकरण कार्यमा वडासंग समन्वय गरि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना प्रणाली **(SSSPCR PORTAL)** मा प्राप्त निवेदन अनुसार नविकरण गरिएको र निवेदन प्राप्त नभएका तथा भत्ताका लागि योग्य नदेखिएका लाभग्राहिहरु साथै दोहोरो प्रविष्ट भएकाको लगत कट्टा र अध्यावधिक गरिएको ।

डिजिटाइजेसन डाटा सुदृढीकरण

गत आर्थिक वर्षमा डिजिटाईजेसन गरिएका लगभग ६५००० घटना दर्ता (जन्म, मृत्यु, बसाँईसराई, विवाह र सम्बन्ध विच्छेद) हरुलाई रुजु गरि विवरण फरक परेका रेकर्डहरुलाई ढड्डा अनुसार सच्याउने र पुन पेश गर्ने काम गरियो ।

अभिलेख उतार

वडाबाट प्रतिलिपि प्रयोजनका लागि अभिलेख उतार गरि पाऊँ भनि आउने सेवाग्राहीहरुलाई डिजिटाईजेसन प्रणालीबाट अभिलेख प्रदान गर्ने र अभिलेख नभेटिएका सेवाग्राहीहरुलाई आवश्यक टिप्पणी सहित वडामा पठाउने ।

सूचना तथा सञ्चार

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको कार्यतालिका तथा निर्देशन अनुसार सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताको बारेमा जनमानसमा सुसुचित गर्ने उदेश्यले विभागबाट प्राप्त जिङ्गलहरुलाई स्थानिय रेडियोहरु मार्फत प्रसारण गरियो ।

- (सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताको बारेमा जानकारी सहितको जिङ्गल प्रसारण)
- (घटना दर्ता सप्ताह सम्बन्धि जिङ्गल प्रसारण)
- (दर्ता शिविर सम्बन्धि जिङ्गल प्रसारण)

फेसबुक पेज (Department of National Id and Civil Registration – Bardaghat Municipality) नामक पेजबाट विभिन्न सूचनाहरु सम्प्रेषण गरियो र गरिदै आइरहेको जानकारी गराईन्छ ।

https://www.facebook.com/donidcrbardaghatmunicipality

घटना दर्ता सप्ताह

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग बाट हरेक वर्ष सञ्चालन गरिने
घटना दर्ता सप्ताह
(वैशाख १-७ गते)
को बारेमा गाउँगाउ टोलटोलमा
सूचना प्रवाह गरियो ।

दर्ता शिविर

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको निर्धारित कार्यतालिका अनुसार घटना दर्ता शिविर प्रत्येक वडामा कम्तिमा तीन स्थानमा तीन दिन र बढिमा आठ दिन सम्म सेवाग्राहीको पहुच पुग्ने गरि सम्पन्न गरियो ।
घटना दर्ताको बारेमा जानकारी नभएका र बिभिन्न कारणले दर्ता गर्न नसकेका सेवाग्राहीहरुलाई निशुल्क सेवा प्रदान गरिनु का साथै व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ताका बारेमा जानकारी गराईयो ।

बर्दघाट नगरपालिकामा सूचनाको पहुच राम्रो रहेको र नगरपालिका बासिहरु घटना दर्ताको विषयमा संवेदनशिल रहेको हुँदा अपेक्षाकृत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ताको निवेदन प्राप्त नभएको। यसबाट बर्दघाट नगरपालिका तथा १६ वटै वडा कार्यालयबाट राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको मर्म अनुसारको कार्य सम्पादन भैरहेको आभास गर्न सकिन्छ ।

दर्ता शिविर

दर्ता शिविरबाट सेवा लिने सेवाग्राहीको विवरण



दर्ता शिविर

दर्ता शिविरबाट सेवा लिने सेवाग्राहीको दृश्य फोटोचित्रमा

दर्ता शिविर

दर्ता शिविरबाट सेवा लिने सेवाग्राहीको दृश्य फोटोचित्रमा

दर्ता शिविर

दर्ता शिविरबाट सेवा लिने सेवाग्राहीको दृश्य फोटोचित्रमा

व्यवस्थापन प्रणाली तालिम
(VERSP-MIS and VPN ToTs)

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली (SSSPCR) लाई सुदृढिकरण गर्नको लागि चलिरहेको आ.व ०७९/०८० मा VPN installation कार्यक्रम सञ्चालन गरिने ।

प्रमुख प्रशासकीय अधिकृतले अह्रराएका कार्यहरु सम्पादन तथा अन्य शाखाहरुसंग समन्वय तथा सहयोग गरिदै आइरहेको छ ।

बर्दघाट नगरपालिका
धन्यवाद